रामारोशन गाउँपालिका
Ramaroshan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive

पत्र संख्या (Reference No):२०८२/०८३
चलानी नं. (Dispatch No): 1039

शान्तडा, अछाम
Shantada,Achham
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpaschim Province,Nepal

मितिः२०८३/०१/०४
ने.सं.११४६ चौलागा १५ शुक्रबार

विषयः-रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

अछाम जिल्ला रामारोशन गाउँपालिका अन्तर्गत श्री निलकण्ठ मा.वि. मा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको चलानी नं. ४० मिति २०८२/१०/०४ गतेको पत्रबाट अनुरोध भइ आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय,स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमती सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना nilakanthamavi@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२.म्याद नाघि वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कार्वाही हुने छैन । साथै थप जानकारीका लागि विद्यालयका प्रधानाध्यापक श्री नर बहादुर रोकाया ९८४८८९७३९५ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ मंगलसेन,अछामः सूचना Website मार्फत प्रकाशित गरिदिनुहुन ।

श्री निलकण्ठ मा वि रामारोशन ५ पातल,अछामः शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को आगामी प्रक्रिया नियमानुसार गर्नुहुन ।

श्री सूचना प्रविधि अधिकृत रामारोशन गाउँपालिकाः गाउँपालिकाको Website र Facebook Page मा Upload गरिदिनुहुन ।

२०८३/०१/०४

जगत बहादुर रावल
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन प्रवर्द्धन तथा मौलिक संस्कृति हाम्रो पहिचान।
आर्थिक सामाजिक समृद्ध विकास रामारोशन गाउँपालिकाको अभियान ...."

CS Scanned with CamScanner